# दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर

२०६३ साउन २१

अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय सञ्जाल
सचिवालय
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

का.व्य.शा. (प्र.छ.)
द.नं. ५६
२०६३।३।३२

श्री महासचिव,
संसद सचिवालय ।

प्रतिनिधि सभा नियमावली २०६३ को नियम ९१ को उप-नियम (१) बमोजिम देहाय बमोजिमको संकल्प पेश गर्ने अनुमतिका लागि सूचना दिएको छु ।

**संकल्प**

अन्तराष्ट्रिय फौजदारी अदालत रोम विधान अनुरुप अन्तराष्ट्रिय समुदायद्वारा सिंजना गरिएको स्थायी, स्वतन्त्र, न्यायिक अंग हो । जसले अन्तराष्ट्रिय कानून अन्तरगत मानवता विरुद्धका सबै प्रकारका अपराधमा न्यायिक कारवाही गर्नेछ यस अदालतलाई विश्वमा ६५ भन्दा बढी राष्ट्रहरुले अनुमोदन समेत गरिसकेको छ । नेपाल सबै प्रकारका मानवता विरुद्धको अपराधको विरुद्धमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै आएको छ । सामाजिक न्याय शान्ति र मानव अधिकारको सम्मान गर्दै आएको छ । नेपाली जनता कुनैपनि प्रकारको अपराधको दण्डहिनताको अन्त्य गर्न चाहन्छ । त्यसैले अपराधी र दोषीले कहिं कतैपनि उन्मुक्ति पाउन नसकोस् भनि न्याय प्राप्तीको प्रकृयामा अन्तर्राष्ट्रिय पहुँच समेत प्राप्त गर्नको लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई गर्नुपर्छ भन्ने संकल्प गर्दै यो बैठक सो विधान अनुमोदनका लागि नेपाल सरकारलाई निर्देश गर्दछ ।

समर्थक

भवदीय, प्रस्तावक

हस्ताक्षर :-

नाम, थर :- परशुराम मेघी गुरुङ

क्रम संख्या :- ६८

मिति :-

# १

२०६३ साउन १ गते

**सम्माननीय श्री सुवास नेम्वाङ्ग**
सभामुख
प्रतिनिधिसभा, संसद भवन
सिंहदरबार, काठमाडौं, नेपाल

**विषय : अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि ज्ञापनपत्र**

**सम्माननीय सभामुखज्यू,**

आठौं अन्तर्राष्ट्रिय न्याय दिवसको उपलक्ष्यमा, हामी मानवअधिकार सन्धि अनुगमन समन्वय समिति र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि गठित राष्ट्रिय सञ्जालगायत नागरिक समाजका प्रतिनिधिहरू अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको शीघ्र अनुमोदन गरी नेपाल सरकारलाई त्यसको क्षेत्राधिकार स्वीकार गराउन आवश्यक पहलको माग गर्दै यो ज्ञापनपत्र सभामुख समक्ष प्रस्तुत गर्दछौं।

सन् १९९८ जुलाई १७ मा विश्वका १२० वटा राष्ट्रहरूद्वारा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई स्वीकार गरिएको थियो। विगतमा विविध अस्पष्टताहरूले गर्दा युद्ध अपराध, मानवता विरूद्धको अपराध र आम नरसंहार जस्ता अपराधहरूमा संलग्न अपराधीमाथि मुद्दा चलाउन व्यवधान उत्पन्न हुँदै आएको थियो। तर भयङ्कर परिणामका कारक मानवता विरोधी अपराधहरूमा संलग्न अपराधीहरूलाई दण्डहीन अवस्थामा छोडी मानवता विरूद्धको क्रियाकलापलाई बेवास्ता गर्ने परिपाटीको अन्त्य पनि आवश्यक थियो। त्यही आवश्यकताले नै समयक्रममा अन्तर्राष्ट्रिय फौजदारी अदालतको जन्म गराएको सभामुखज्यूलाई अवगतनै छ।

वर्तमान प्ररिप्रेक्षमा त्यस्ता समस्याका विरूद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालत सबैभन्दा उपयुक्त निकाय सावित भइसकेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय क्षेत्राधिकारको प्रयोग गरी अपराधीहरूलाई न्यायको कठघरामा उभ्याउने भएकोले विगतमा जस्तो दण्डहीनताको अवस्था रहन दिँदैन। विगतमा गम्भीर अपराधमा संलग्न केही जिम्मेवार व्यक्तिहरूलाई मात्र राष्ट्रिय अदालतद्वारा सजाय गर्न सकिएको थियो। धेरैजसो अपराधीहरूले यस्ता अपराधहरूमा संलग्न हुँदा, उनीहरूलाई न्यायको कठघरामा उभ्याउन



सकिने कुरा असंगत रहेको विश्वास गरेका थिए । त्यसैले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना हुनु अघिसम्म अत्याचार गर्नेहरू उम्किदै आएका थिए र पीडितहरूले न्याय पाएका थिएनन् ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले पीडितलाई न्याय तथा क्षतिपूर्ति दिन सक्छ र ज्यादतीमा संलग्न व्यक्तिहरूमाथि कारवाही गदर्छ। यो जिम्मेवारी बहन गराउने र चिरकालीन न्याय दिने दिशामा महत्वपूर्ण कदम हो। संयुक्त राष्ट्र संघको स्थापनापछि अन्तर्राष्ट्रिय कानुनको क्षेत्रमा यो ज्यादै महत्वपूर्ण उपलब्धि हो। जुन एक दशक लामो समयसम्म हिंसक द्वन्द्वको चंगुलमा परेको नेपाल जस्तो मुलुकको लागि आशाको किरण सावित हुन सक्दछ।

**सभामुख महोदय,**

नेपालमा दण्डहीनता व्यापक छ । परिणामस्वरूप कानुनको शासन उपर गम्भीर प्रहार हुँदै आएको छ। नेपालले दण्डहीनताको संस्कृतिको गम्भीर असरहरूको अनुभव पनि गर्दै आएको छ। प्रजातान्त्रिक संस्था एवं मान्यताहरूको अप्रजातान्त्रिक शक्तिहरूद्वारा अवहेलना एवं उल्लंघन गरिंदै आएको छ। अर्कोतर्फ एक दशकसम्म द्वन्द्वरत पक्षहरू मानवअधिकार र मानवीय कानुनको उल्लंघनमा अग्रसर रहेको तथ्यलाई नजरअन्दाज गर्न सकिँदैन। दण्डहीनतालाई द्वन्द्वका समयमा प्रश्रय दिइयो। परिणाम स्वरूप, सरकारी निकायभित्र अराजकताले मौलाउने अवसर पायो। हाम्रो देशको यस्तो अन्यायपूर्ण अतितलाई भविष्यमा फेरी दोहोरिन नदिन र जेनेभा महासन्धिहरूले परिभाषा गरेअनुरूप मानवताविरूद्धका अपराध विरूद्ध दण्डहीनताको अन्त्य गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदन गर्नु नेपालको लागि अत्यावश्यक भएको छ।

अन्तर्राष्ट्रिय समुदायले ज्यादै गम्भीर अपराध भनी परिभाषा गरेको अपराधहरूलाई कुनै पनि हालतमा सजाय गरिनु पर्दछ। उल्लंघनकर्ताहरूमाथि प्रभावकारी कारवाहीका लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गरेर राष्ट्रिय स्तरमा आवश्यक कार्यहरू सुनिश्चित गर्नु पर्दछ। अपराधीहरूलाई उनीहरूले गरेका ज्यादतीहरूप्रति जवाफदेही बनाउन र नेपालमा दण्डहीनताको संस्कृतिको अन्त्यका लागि मार्ग प्रशस्त गर्न हामीलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको आवश्यकता परेको छ। विगतमा जस्तो भविष्यमा कुनै मानवता विरोधी अपराधी दण्डहीन अवस्थामा उम्किन नपाओस् भन्ने अभिप्रायका साथ स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालतले नरसंहार, युद्ध अपराध र मानवता विरूद्धका अपराधका पीडितहरूलाई उपचार प्रदान गर्नेछ भन्ने हाम्रो विश्वास छ।

नेपाल सरकारले विशेष गरेर प्रमुख मानवअधिकार महासन्धिहरू र चारओटै जेनेभा महासन्धिहरूको अनुमोदन गरेर अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनहरूको सम्मान गर्ने उच्च प्रतिबद्धता व्यक्त गरेको छ। त्यसैगरी, संयुक्त राष्ट्रसंघका विशेष प्रक्रियाहरूअर्न्तगत आन्तरिक विस्थापितका लागि

महासचिवका विशेष प्रतिनिधि, जबर्जस्ती बेपत्ता सम्बन्धी कार्यदल र यातनासम्बन्धी विशेष सभाधीक्षकहरूलाई पनि नेपालमा स्वागत गरिसकिएको छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तसँग सहमतिपत्रमा हस्ताक्षर गरेर अन्तर्राष्ट्रिय समुदायहरूसँग साझेदारी स्थापित गरिसकेको छ।

यातना विरूद्धको समितिको नोभेम्बर २००५ मा बसेको पैंतीसौं बैठकले पनि नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको पक्ष राष्ट्र हुन अनुरोध गरेको तथ्य यहाँ उल्लेखनीय छ। अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारलाई मानवअधिकार संस्कृतिको विकासका लागि रोम विधानको अनुमोदन गरी अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप राज्यको उत्तरदायित्व पूरा गर्न सुझाव दिँदै आएका छन्।

हालसालै, नेपाल सरकारले पुष्टि भएका मानवअधिकार उल्लंघनकर्ताहरूलाई कानुन अनुरूप कारवाही गरिने प्रतिबद्धता व्यक्त गरेको छ। प्रजातन्त्रको सम्मान, कानुनी राज्य र मानवअधिकारको सम्बर्द्धन र संरक्षण नै सरकारको सबैभन्दा पहिलो प्राथमिकता हुनेछ भन्ने दृढता सम्माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीले मानवअधिकार परिषद्को पहिलो सभा १९ जुन २००६ मा जेनेभामा व्यक्त गर्नुभएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदन यस्ता प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्ने एक उल्लेखनीय कदम हुनेछ।

हामी अन्तर्राष्ट्रिय न्याय दिवसको यो महत्वपूर्ण अवसरमा, २००२ मे महिनामा अन्तर्राष्ट्रिय फौजदारी अदालतका निम्ति अन्तर्राष्ट्रिय सञ्जालको प्रतिनिधिमण्डलका सदस्यहरूसँग सरकारले गरेको उल्लेखनीय प्रतिबद्धता स्मरण गराउन चाहन्छौं। तत्कालीन सरकारका बिना विभागीय मन्त्री ऋषिकेश गौतमले प्रतिनिधि टोलीलाई अन्तर्राष्ट्रिय अदालतसम्बन्धी रोम विधानको अनुमोदनका सम्बन्धमा आफ्नो पूर्ण सहयोग रहने विश्वास दिलाउँदै प्रधानमन्त्रीलाई यसबारेमा जानकारी दिने आश्वासन दिनुभएको थियो। त्यसैगरी, त्यस समयका प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल, नेपाली कांग्रेसका महामन्त्री सुशील कोइराला र नेपाली कांग्रेसका प्रवक्ता अर्जुन नरसिंह केसीले पनि यथाशीघ्र यसको अनुमोदनको लागि अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। तत्पश्चातको राजनीतिक परिवर्तनपछि यो प्रतिबद्धतालाई व्यवहारमा उतार्न सकिएन।

**सभामुख महोदय,**

नेपाली जनताको महान बलिदानपूर्ण आन्दोलनको सफलतापश्चात् आज हामी नयाँ लोकतान्त्रिक नेपालको सहिदहरूको सपना पूरा गर्ने अभियानमा जुटेका छौं। यही क्रममा हामीले अब भविष्यमा लोकतन्त्रलाई कतैबाट खतरा हुन नदिने गरी केही संस्थागत थालनी गर्न जरूरी छ । यही अभिप्रायकासाथ वैशाख २०६३ मा प्रतिनिधिसभाको पुनर्स्थापनापछि मानवअधिकार संस्थाहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम



विधानलगायत अन्य संयुक्त राष्ट्रसंघीय मानवअधिकार सन्धिहरूको सूचि तयार गरी तिनीहरूको अनुमोदनका लागि प्रतिनिधिसभा र राजनीतिक दलहरू समक्ष प्रस्तुत गरेका थिए।

नेपालले जेनेभा महासन्धिहरूलाई अनुमोदन गरेको ४२ वर्ष भइसकेको छ। सर्वोच्च अदालतले २०६० पुस २५ गते जेनेभा महासन्धि अनुरूपको कानुन बनाउन सरकारलाई निर्देशात्मक आदेश दिएको थियो। तर नेपाल सरकारले ती महासन्धि अनुरूप पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन्।

यिनै पृष्ठभूमिका आधारमा नेपाल र नेपालीको उज्वल भविष्यका निम्ति दण्डहीनताको अन्त्यको कामना गर्दै हामी सम्माननीय सभामुख समक्ष निम्न उल्लिखित दुईओटा माग प्रस्तुत गर्दछौं :

१. विद्यमान प्रतिनिधिसभाको बैठक समक्ष अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदनको प्रस्ताव छलफल गराउन,
२. दण्डहीनता विरूद्ध अडिग रहन तथा रोम विधानलाई चाँडो भन्दा चाँडो अनुमोदन गर्न नेपाल सरकारलाई अनुरोध गर्न।

सभामुखज्यूबाट आवश्यक पहल गरिने अपेक्षाका साथ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदनको आवश्यकता सम्बन्धमा यति कुरा राख्ने अवसर प्रदान गरिएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको लागि राष्ट्रिय सञ्जाल**
**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

**संलग्नः**

- अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सम्बन्धित पर्चा
- रोम विधानको पूर्ण पाठ
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको संजालको 'लवि' भ्रमणको प्रतिवेदन
- अन्तर्राष्ट्रिय फौजदारी अदालत विशेषाङ्क इन्फरमल
- मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा प्रीतनिधिसभामा पेश गरिएको नेपालद्वारा अनुमोदन गर्नुपर्ने सन्धिहरूको सूचि

# २

## के हो अन्तर्राष्ट्रिय फौजदारी अदालत ?

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आई.सि.सि.) गम्भीर अन्तर्राष्ट्रिय फौजदारी अपराधका दोषी उपर सजाय गरी दण्डहीनतालाई अन्त्य तथा कानुनको शासनको स्थापना गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा स्थापित पहिलो स्थायी प्रकारको स्वतन्त्र अदालत हो। यो रोम विधान १९९८ अनुसार स्थापित भएको हो। यसको कार्यालय नेदरल्याण्डको हेगमा रहेको छ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना कसरी भयो ?

- न्यूरेम्बर्गमा नाजी अपराधीहरूलाई अन्तर्राष्ट्रिय रूपमा सजाय गरेपछि मानवविरूद्ध गरिने गम्भीर फौजदारी अपराधहरूका दोषीहरूलाई सजाय गर्नका लागि यसको आवश्यकता महसुस गरियो।
- रूवाण्डा र पूर्वयूगोस्लाभियामा भएको नरसंहारका दोषीहरूलाई सजाय गर्न सन् १९९० को दशकमा रूवाण्डा र पूर्वयूगोस्लाभियामा अन्तर्राष्ट्रिय न्यायाधीकरणको स्थापना गरियो।
- ती न्यायाधीकरणहरू निश्चित समयमा निश्चित क्षेत्रमा भएका अपराधहरूका दोषीहरूलाई सजाय गर्न अस्थायी रूपमा स्थापित भएका थिए।
- अन्तर्राष्ट्रियस्तरमा मानवविरूद्धका अपराधहरू बढ्दै गएका कारण गम्भीर अन्तर्राष्ट्रिय फौजदारी अपराध गर्ने दोषीहरूलाई सजाय गर्न स्थायी अन्तर्राष्ट्रिय न्यायिक अंगको आवश्यकता महसुस भई त्यसको स्थापना गर्न दवाव भइरहेको थियो।
- संयुक्त राष्ट्रसंघको महासभाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि इटलीमा "संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका प्रतिनिधिहरूको सम्मेलन" आयोजना गर्‍यो। संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूमध्ये १२० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी अपराधका दोषीहरूलाई न्यायको कठघरामा ल्याउन अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि सहमत भए भने २१ राष्ट्रहरू अनुपस्थित भए र ७ ओटा राष्ट्रहरू अन्तराष्ट्रिय फौजदारी अदालत स्थापनाको विरूद्धमा रहे। १७ जुलाई १९९८ मा उक्त १२० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा सहमति जनाएपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना भएको हो।



- १ जुलाई २००२ मा ६० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गरेपछि यो कार्यान्वयनमा आएको हो।

## के अन्तर्राष्ट्रिय फौजदारी अदालतले राष्ट्रिय क्षेत्राधिकार प्रयोग गर्न सक्छ ?

अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय क्षेत्राधिकारको पूरक हो। यदि राष्ट्रिय अदालतले त्यस्ता गम्भीर फौजदारी अपराधीहरूलाई सजाय गर्न वा अनुसन्धान गर्न असमर्थ वा इनिच्छुक भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार प्रयोग गर्न सक्छ। तर पहिलो प्राथमिकता सधैं राष्ट्रिय अदालतको रहन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय अदालतको अधिकारलाई विस्थापित गर्नका लागि होइन। राष्ट्रको न्यायिक प्रणाली असफल नभएमा वा सरकार आफैं त्यस्ता अपराधहरूमा सामेल भएमा वा अपराधीहरूको सत्ता र शक्तिका कारणले तिनीहरूलाई सजाय गर्न राज्यका अधिकारीहरू अनिच्छुक भएको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार प्रयोग गर्दछ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालत सञ्चालनका सिद्धान्तहरू के के हुन् ?

- विधान लागु हुनु पूर्वका अपराधहरूमा कारवाही नचलाउने (भुतलक्षी कारवाही नहुने) : १ जुलाई २००२ मा रोम विधान कार्यान्वयनमा आएपछि भएका घटनाहरूका दोषीहरू माथिमात्र रोम विधान बमोजिम न्यायिक कारवाही गर्ने।
- दण्डहीनताको निषेधः दोषीहरूलाई कुनै पनि प्रकारको माफी, उन्मुक्ति वा दण्डहीनताका त्यस्ता कुनै पनि मापदण्डलाई मान्यता नदिने।
- अदालती कारवाहीमा निष्पक्षता र कानुनको उचित प्रक्रिया अपनाइने।
- मृत्यूदण्ड लागु गर्न नपाइने।
- पीडित तथा साक्षीको सुरक्षा गरिने।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार भित्र के के पर्दछन् ?

जब कुनै राष्ट्रले रोम विधानलाई अनुमोदन गर्दछ त्यसपछि रोम विधानमा परिभाषित अपराधहरू उपर अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार लागु हुन्छ। निम्न अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले न्यायिक कारवाही चलाउन सक्दछः

- अपराध भएको राष्ट्र वा अपराधको अभियोग लागेको व्यक्ति नागरिक भएको राष्ट्रमध्ये कुनै एक वा दुवै राष्ट्र रोम विधानका पक्ष राष्ट्र छन् भने,
- रोम विधानको पक्ष नभएको कुनै पनि राष्ट्रले आफ्नो देशमा भएको निश्चित अपराधहरूमा दोषीहरूलाई सजाय गर्नका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार स्वीकार गर्ने निर्णय गरेको अवस्थामा।

तर त्यस्का लागि संयुक्त राष्ट्रसंघको सुरक्षापरिषद्ले सिफारिस गरी पठाउनु पर्दछ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले निम्नलिखित ४ प्रकारका अपराधहरूमा कारवाही चलाउन सक्दछ :

१. **नरसंहार**ः रोम विधानको धारा ६ अनुसार नरसंहार भन्नाले कुनै राष्ट्रिय, जनजाति, जातीय वा धार्मिक समूहलाई सम्पूर्ण वा आंशिकरूपले सखाप पार्ने उद्देश्यले गरिएका देहायमध्ये कुनै पनि कार्यलाई जनाउँदछः

(क) माथि उल्लिखित समूहका सदस्यहरूलाई मार्नु;

(ख) समूहका सदस्यहरूलाई गम्भीर रूपमा शारीरिक तथा मानसिक हानि नोक्सानी पुर्‍याउनु;

(ग) सम्पूर्ण वा आंशिकरूपमा भौतिक संहार गर्न कुनै समूहमाथि नियतपूर्वक उनीहरूको परम्पराभन्दा फरक जीवनशैली अपनाउन बाध्य पार्नु;

(घ) समूहका व्यक्तिलाई जन्मनिषेध गर्ने कार्य तथा मापदण्ड अपनाउन बाध्य पार्नु;

(ङ) एक समूहका बालबालिकालाई अर्को समूहमा जबरजस्ती स्थानान्तरण गर्नु।

विधानको धारा २५(३)(ख) अनुसार नरसंहारको कार्य गर्न आदेश दिने, सहयोग गर्ने वा त्यस्तो कार्य गर्न बाध्य पार्ने व्यक्ति पनि सजायको भागिदार हुन्छ।

२. **मानवता विरूद्धको अपराध**ः रोम विधानको धारा ७ अनुसार मानवता विरूद्धको अपराध हुनका लागि निम्न बमोजिमको अवस्था विद्यमान भएको हुनु पर्दछः

(क) त्यस्ता कार्य व्यापक वा योजनाबद्ध आक्रमण वा त्यसको एक भागको रूपमा भएको हुनु पर्दछ;

(ख) त्यस्ता कार्य जानाजानी नागरिक विरूद्ध निर्देशित (लक्षित) हुनु पर्दछ;



(ग) त्यस्ता कार्य राज्य वा सांगठनिक नीतिलाई लागु गर्ने क्रममा भएको हुनु पर्दछ।

सो बमोजिम निम्न अपराधहरूलाई मानवता विरूद्धको अपराध मानिएको छः

१. हत्या
२. दासता
३. यातना
४. सफाया अभियान
५. स्वेच्छाचारी तरिकाले स्वतन्त्रताबाट वञ्चित गर्ने
६. जनसंख्याको जबरजस्ती स्थानान्तरण वा विस्थापन
७. बलात्कार, यौन दासता, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती गर्भधारण तथा बन्ध्याकरण, वा अन्य कुनै प्रकारको यौन हिंसा
९. जबरजस्ती वेपत्ता पारिनु
१०. रंगभेद
११. विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय कानुनद्वारा बन्देज गरिएका राजनीतिक, जातीय, राष्ट्रिय जनजातीय, साँस्कृतिक, धार्मिक, लैङ्गिक वा अन्य कुनै आधारमा गरिने दमन तथा यस्तै अन्य अमानवीय कार्यहरू जो जानाजानी ठूलो क्षति पुर्‍याउने वा शारीरिक, मानसिक तथा स्वास्थ्यमा गम्भीर क्षति पुर्‍याउनका लागि गरिएको हुन्छ।

३. **युद्ध अपराध**ः रोम विधानको धारा ८ अनुसार युद्ध अपराध भन्नाले १२ अगस्त सन् १९४९ का जेनेभा महासन्धिहरूको व्यापक उल्लंघन र सशस्त्र द्वन्द्वमा लागु हुने अन्तर्राष्ट्रिय कानुनहरू र त्यसँग सम्बन्धित प्रथाजनित कानुनको गम्भीर उल्लंघनका अपराधलाई युद्धअपराध भनिन्छ। युद्ध अपराधको अभियोग लागेका व्यक्तिहरूलाई निम्नलिखित दुई प्रमुख भागमा राखी कारवाही गर्न सकिन्छ।

१. अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्ध अपराधमध्ये जेनेभा महासन्धिको गम्भीर उल्लंघन गर्ने व्यक्तिलाई कारवाही गर्दछ। जेनेभा महासन्धिको धारा १४७ ले निम्नलिखित कार्यलाई युद्धअपराध भनी परिभाषा गरेको छ;
जेनेभा महासन्धिको उल्लंघन गर्ने निम्न अपराधहरूः

(क) मनसायप्रेरित हत्या,

(ख) स्वास्थ्य वा शरीरमा गम्भीर आधात पर्ने गरी भएको मनसायप्रेरित कार्यलगायत यातना तथा अमानवीय व्यवहारहरू,

(ग) जथाभावि र कानुन विपरीत सैन्य आवश्यकताले औचित्यपूर्ण नठहरिने सम्पत्ति नष्ट गर्नु,

(घ) युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई जबरजस्ती सेवा गर्न बाध्य पार्नु,

(ङ) स्वेच्छाचारी तरिकाले यूद्धबन्दी वा अन्य संरक्षित व्यक्तिको निष्पक्ष न्याय पाउने अधिकारबाट वञ्चित गर्नु,

(च) गैरकानुनी विस्थापन वा स्थानान्तरण वा थुना गर्नु ,

(छ) बन्धक बनाउनु।

२. सशस्त्र द्वन्द्वमा लागु हुने अन्तर्राष्ट्रिय कानुनहरू तथा अन्य त्यस्तै प्रकारका प्रथाजनित कानुनको गम्भीर उल्लंघनका निम्न अपराधहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार आकर्षित हुन्छः

(i) अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका समयमा निम्न अपराधहरू युद्ध अपराध हुन्:

(क) गैरसैनिक व्यक्तिमाथि निर्देशित (लक्षित) रूपमा अत्यधिक क्षति तथा चोट पुग्ने आक्रमण;

(ख) सैन्य उद्देश्यभन्दा बाहेकका जस्तै विद्यालय, अस्पताल, ऐतिहासिक स्मारक, धार्मिक केन्द्रहरूलगायत सार्वजनिक संरचना माथिको आक्रमण;

(ग) सैन्य आवश्यकताले औचित्यपूर्ण नठहरिने शत्रु पक्षको सम्पत्ति कब्जा तथा नष्ट गर्नु;

(घ) युद्धमा निषेधित तरिका प्रयोग गर्ने जस्तो युद्धविरामको झण्डा, संयुक्त राष्ट्रसंघ तथा शत्रुको चिन्ह, रेडक्रस संकेतको दुरूप्रयोग;

(ङ) युद्धमा निषेधित विषजन्य हतियारको प्रयोग;

(च) १५ वर्ष मुनिका बालबालिकालाई सेनामा भर्ना गर्नु;

(छ) मानव ढालको प्रयोग गर्नु;

(ज) नागरिकलाई भोकै राखी युद्धमा प्रयोग गर्नु।

(ii) आन्तरिक सशस्त्र द्वन्द्वमा निम्न अपराधहरू युद्ध अपराध हुन्:

आन्तरिक चरित्रको सशस्त्र द्वन्द्वको अवस्थामा जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गर्ने निम्न अपराधहरूः

(क) जीवनमाथिको हिंसा, हत्या, अङ्गभङ्ग, यातना तथा क्रुर अपमानजनक व्यवहार;

(ख) आत्मसम्मान माथिको आक्रमण विशेष गरी क्रूर तथा अपमानजनक व्यवहार;

(ग) बन्धक बनाउनु;

(घ) अदालतको फैसला पूर्व नै दण्डको निर्णय गर्नु;

यसका साथै आन्तरिक सशस्त्र द्वन्द्वको समयमा गरिएका निम्न कार्यहरूः

(क) गैरसैनिक नागरिक माथि लक्षित गरी गरिएको आक्रमण;



(ख) सार्वजनिक संरचनाहरू जस्तै अस्पताल, यातायात, शैक्षिक संस्था, ऐतिहासिक स्मारकहरू आदि माथिको आक्रमण;

(ग) आक्रमणबाट कब्जामा लिईसकेपछि पनि शहर तथा गाउँमा लुटपाट मच्चाउनु;

(घ) बलात्कार, यौनदासता, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती गर्भधारणतथा बन्ध्याकरण र अन्य प्रकारका यौन हिंसा;

(ङ) १५ वर्षमुनिका बालबालिकालाई सशस्त्र सेना वा समूहमा भर्ना गर्नु वा युद्धका गतिविधिमा सहभागी गराउनु;

(च) सुरक्षा वा सैनिक आवश्यकताको औचित्य बिना नागरिकहरूलाई विस्थापन हुन आदेश गर्नु;

(छ) सैनिक आवश्यकताको औचित्य बिना शत्रु पक्षको सम्पत्ति नष्ट गर्नु वा कब्जामा लिनु;

(ज) शत्रु पक्षको व्यक्तिलाई मृत्यु, अङ्गभङ्ग वा स्वास्थ्यलाई गम्भीर क्षति पुऱ्याउने कुनै पनि किसिमको वैज्ञानिक तथा स्वास्थ्य परीक्षण गराउनु।

४. **आक्रमणको अपराधः** आक्रमणको अपराधको परिभाषा के हुने र यस अन्तर्गत कस्ता कस्ता अपराध तथा कार्यहरू समावेश हुने भनी अहिले पनि छलफल भइरहेको छ। यसको परिभाषा, आवश्यक तत्व र आक्रमणको अपराधको क्षेत्राधिकार सम्बन्धी कार्य गर्न सन् २००२ मा एक विशेष कार्यदल गठन गरिएको छ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार

- १८ वर्ष वा सो भन्दा माथिका व्यक्तिहरू उपर लागेको अपराधको आरोपका सम्बन्धमा यसले न्यायिक कारवाही गर्न सक्दछ
- रोम विधान लागु भएपछि भएका अपराधहरूमा मात्र यसले कारवाही गर्दछ
- कुनै पनि व्यक्तिको (नागरिक वा सैनिक जोसुकै) माथि कारवाही चलाउन सक्दछ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको संरचना कस्तो छ ?

यसको संरचना निम्न बमोजिम रहेको छः

(क) अध्यक्ष (Presidency)

(ख) पुनरावेदन विभाग, पुर्पक्ष विभाग र पूर्व पूर्पक्ष विभाग

(ग) अभियोक्ताको कार्यालय

(घ) दर्ता (Registry)

## अन्तर्राष्ट्रिय फौजदारी अदालतमा संयुक्त राष्ट्रसंघको भूमिका के रहन्छ ?

अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रहरूद्वारा छुट्टै विधान बनाई गम्भीर अन्तर्राष्ट्रिय फौजदारी अपराधका दोषीहरूलाई सजाय गर्न स्थापना गरिएको अदालत हो। संयूक्त राष्ट्रसंघको सुरक्षापरिषद् र अन्तर्राष्ट्रिय फौजदारी अदालत बीचको सम्बन्ध के हुने भन्ने सम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरिएको थियो। उक्त सहमतिको आधारमा सुरक्षापरिषदले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा रोम विधानले परिभाषित गरेका त्यस्ता अपराधहरूमा सजायका लागि सिफारिस गर्न सक्दछ। यसरी सुरक्षापरिषदले सिफारिस गरी पठाएका कुराहरू संयुक्त राष्ट्रसंघका सबै सदस्यहरूले रोम विधानलाई अनुमोदन गरेको भए पनि र नभए पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार बाध्यात्मक हुन्छ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दाहरू कसरी पुग्दछन् ?

अन्तर्राष्ट्रिय फौजदारी अदालतमा निम्न ४ तरिकाले मुद्दाहरू पुग्दछन्:

(१) रोम विधान अनुमोदन गरी पक्षराष्ट्र भएको राष्ट्रले अपराधका बारेमा जानकारी दिएर;

(२) रोम विधान अनुमोदन नगरेको राष्ट्रले पनि आफ्नो देशमा भएको रोम विधान अनुसारको अपराधमा दोषीलाई सजाय गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारलाई स्वीकार गरी जानकारी गराएर;

(३) सुरक्षापरिषदले सिफारिस गरेमा;

(४) गैर राज्य पक्ष जस्तै गैरसरकारी संस्था, पीडितहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोक्ता समक्ष उजुरी दर्ता गर्न सक्दछन् जसको आधारमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोक्ताले मुद्दाको अनुसन्धान सुरू गर्न सक्दछ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजुरी पुगेपछि कस्तो प्रक्रिया अपनाइन्छ ?

१. अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजुरी पुगेपछि अभियोक्ताले उजुरी हेरिसकेपछि सो उपर अनुसन्धान सुरू गर्ने वा नगर्ने भनी निर्णय गर्दछ। अभियोक्ताले अनुसन्धान सुरू गर्न उचित आधारहरू तयार गर्नु पर्दछ।



२. अनुसन्धान गर्न आवश्यक छ भनी उचित आधारसहित निर्णय गरे पछि अनुसन्धान सुरू गर्न अनुमतिका लागि अभियोक्ताले पूर्व पुर्पक्ष विभागमा पठाउनु पर्दछ।

३. अभियोक्ताले उचित आधारसहित पेश गरेको कागजात अध्ययन गरिसकेपछि मुद्दाको अनुसन्धान गर्नु पर्ने उचित आधार देखेमा पूर्व पुर्पक्ष विभागले मुद्दाको अनुसन्धानका लागि अनुमति प्रदान गर्दछ।

४. पूर्व पुर्पक्ष विभागले मुद्दाको अनुसन्धान सुरू गर्न अनुमति प्रदान गरेपछि सो को जानकारी सबै राष्ट्रहरूलाई दिईनु पर्दछ।

५. उक्त मुद्दा सम्बन्धी अनुसन्धान राष्ट्रिय रूपमा भइरहेको छ र तत्काल रोक्नका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई जानकारी गराएमा पूर्व पुर्पक्ष विभागले अनुमति नदिएसम्म त्यस्तो अनुसन्धान रोकिन्छ।

६. त्यसरी अनुसनधान रोक्का गरेको हरेक ६ महिनामा अभियोक्ताले पुनरावलोकन गर्न सक्दछन्।

७. यदि अभियोक्ताले मुद्दाको अनुसन्धान गर्ने उचित आधार नभएको भन्ने निर्णय गरेमा त्यसको जानकारी सम्बन्धित उजुरवालालाई दिनु पर्दछ।

८. उजुर गर्नेले अभियोक्ताको त्यस्तो निर्णय उपर विचार गर्न पूर्व पुर्पक्ष विभाग समक्ष अनुरोध गर्न सक्दछ ।

९. अभियोक्ताको उक्त निर्णयसंग पूर्व पुर्पक्ष विभाग सहमत भएमा मुद्दाको अन्त्य हुन्छ।

## अभियोक्तालाई कस्तो अधिकार हुन्छ ?

- मुद्दाको अनुसन्धान गर्न गरिएको सिफारिसबमोजिम अनुसन्धान सुरू गर्न उचित छ छैन निर्णय गर्ने।
- अपराध भएको राष्ट्रले अनुमति नदिए पनि अभियोक्ताले स्वतन्त्र अनुसन्धान गर्न सक्छ। यस अर्न्तगत साक्षी बुझ्ने तथा अन्य सम्बद्ध प्रमाण संकलन गर्ने आदि पर्दछन।
- अभियोक्ताले त्यस्ता अपराधमा गरिरहेको अनुसन्धानमा सहयोग गर्न सक्दछ।
- अभियोक्ताले अपराधका सम्बन्धमा जानकारी दिन आउने प्रत्यक्षदर्शीसँग अन्तवार्ता गर्न सक्दछ।
- अभियोक्ताले त्यस्तो अनुसन्धान गर्दा सम्बन्धित राष्ट्रको सहमति लिनु पर्दछ।

## अन्तर्राष्ट्रिय फौजदारी अपराधका अभियुक्तका अधिकारहरू के के हुन् ?

त्यस्ता अभियुक्तका अधिकारहरूको संरक्षणका लागि पूर्व पुर्पक्ष विभाग उत्तरदायी रहन्छ। रोम विधानको धारा ५५ अनुसार अभियुक्तले परामर्श गर्न पाउने, दोषी ठहर नहुँदासम्म निर्दोष मानिने तथा निष्पक्ष पुर्पक्षको अधिकार प्राप्त गर्दछ। यदि अभियुक्तले विध्वंसात्मक व्यवहार देखाएमा उसलाई अगाडि नराखी पुर्पक्ष गरिने छ र उसको प्रतिनिधित्व आफ्नो कानुनी सल्लाहकारबाट गर्नका लागि अदालतले व्यवस्था मिलाउनु पर्दछ।

१. **अनुसन्धानका क्रममा अभियुक्तलाईः**

(क) आफू विरुद्ध साक्षी बस्न कर लगाइने छैन्।

(ख) कुनै पनि प्रकारको यातना, डर, धाक, धम्की, करकाप वा अन्य क्रुर तथा अमानवीय व्यवहार गरिने वा सजाय दिइने छैन्।

(ग) सोधिएको भाषामा जवाफ दिन नसक्ने अवस्था भएमा निःशुल्क सक्षम अनुवादकर्ताको व्यवस्था गरिनु पर्दछ।

(घ) गैरकानुनी पक्राउ तथा थुना गरिने छैन। त्यसैगरी रोम विधानमा स्थापित प्रक्रियाबाहेकको तरिकाले उसको स्वतन्त्रताबाट वञ्चित गरिने छैन्।

२. यदि अभियुक्तले रोम विधान अनुसारको अपराध गरेको हो भन्ने विश्वास गर्न सकिने आधार भएता पनि अभियोक्ताले वा राष्ट्रिय निकायले अभियुक्त उपर अनुसन्धान गर्दा अभियुक्तलाई निम्नबमोजिमका अधिकार रहन्छन्:

(क) अभियुक्त उपर अनुसन्धान सुरू हुनु भन्दा पहिले उसले रोम विधानले परिभाषा गरेबमोजिमको अपराध गरेको विश्वास गर्ने आधार भएको भनी उसलाई जानकारी दिइनु पर्दछ।

(ख) अपराधको बारेमा अभियुक्तलाई मौन रहने अधिकार छ। अपराधका सम्बन्धमा अभियुक्त मौन रहेको आधारमा ऊ दोषी अथवा निर्दोष छ भन्ने निर्धारण हुने छैन्।

(ग) अभियुक्तले छानेको कानुनी सल्लाहकार राख्न पाउने अधिकार हुनेछ। यदि उसको कानुनी सल्लाहकार छैन वा नियुक्त गर्न नसक्ने अवस्था छ भने अदालतले नै निःशुल्क कानुनी सल्लाहकारको व्यवस्था गरिदिनु पर्दछ।

(घ) कानुनी सल्लाहकारको अधिकारलाई अभियुक्तले स्वेच्छापूर्वक नछाडेसम्म उसको कानुनी सल्लाहकारको उपस्थितिमा मात्र उसको बयान गराईने छ।

## पीडित तथा साक्षीका अधिकारहरू के के हुन ?



रोम विधानको धारा ६८ अनुसार पीडित तथा साक्षीहरूको अधिकारलाई अदालतले संरक्षण गर्नु पर्दछ। अदालतको पीडित तथा साक्षी सम्बन्धी इकाइले साक्षी तथा पीडितहरूका लागि परामर्श र सुरक्षा सम्बन्धी व्यवस्था तथा संरक्षणका उपायहरूको बारेमा व्यवस्था मिलाउँदछ।

अदालतले पीडित पक्षलाई क्षतिपूर्ति तथा पुनर्स्थापनाका लागि आदेश दिन सक्छ।

अदालतको यस्तो खालको सुनुवाईमा पीडित प्रत्यक्ष सहभागि हुन पाउँछ।

पीडितले आफूलाई परेको पीडाका सम्बन्धमा अदालतका विभिन्न चरणहरूमा उपस्थित भई आफ्नो भनाईहरू राख्न पाउँछन्।

## मुद्दाको पुर्पक्षका सिलसिलामा अभियुक्तले कस्ता बचाउहरू लिन सक्दछ ?

अन्तर्राष्ट्रिय फौजदारी अदालतमा लगिने अपराधहरूमा गरिने प्रतिकारहरूमा प्रमुख रूपमा नेतृत्वको आदेशलाई अगाडि सारिने गरिएको छ। यस्ता प्रतिकार तबमात्र प्रभावकारी हुन्छन् यदिः

- त्यस्तो आदेश पालना गर्नुपर्ने कानुनी दायित्व भएमा
- त्यस्तो व्यक्तिलाई आदेश कानुनसम्मत नभएको थाहा नभएमा
- त्यस्तो आदेश शुरूदेखि नै कानुनसम्मत नभएमा

निम्न प्रतिकार समेत गर्न सकिन्छः

- करकाप तथा जोरजुलुम
- असंयमित
- आत्मरक्षा तथा अरूको रक्षार्थ

माथि उल्लिखित सबै प्रतिकारहरू नरसंहार तथा मानवता विरूद्धको अपराधका सम्बन्धमा लागू हुँदैनन्।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतले गर्ने सम्भावित सजाय के के हुन सक्छ ?

- अभियुक्तलाई बढीमा ३० वर्षको कारावास।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतले मृत्युदण्डको धोषणा गर्दैन तर यदि राज्यको राष्ट्रिय कानुनले मृत्युदण्डको सजाय गर्दछ भने मृत्युदण्डको सजाय त्यस्तो मुलुकले गर्न सक्दछन्।
- पीडितलाई क्षतिपूर्तिको आदेश अदालतले दिन सक्छ।

**नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नु किन आवश्यक छ ?**

- व्याप्त दण्डहीनताको अन्त्य गरी कानुनी राज्यको स्थापना गर्न;
- दण्डहीनतालाई विस्तारित हुन नदिन र नरसंहार, मानवताविरूद्धका अपराध र युद्ध अपराधजस्ता कार्य हुनबाट रोक्न;
- अन्तर्राष्ट्रिय समुदायसँग समभ्रदारी कायम राख्न;
- अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिबद्धतालाई वास्तविकतामा परिणत गर्न ।

**हालसम्म कति राष्ट्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको पक्ष भएका छन् ?**

सन् २००५ अक्टोवर २८ सम्म एकसय राष्ट्रहरूले यसलाई अनुमोदन गरी पक्ष भएका छन्। संयुक्त राष्ट्रसंघको महासभाद्वारा विभाजित समूहअनुसार अफ्रिकी राष्ट्रहरूबाट २७, ल्याटिन अमेरिका र क्यारीवियनबाट २०, एशियाली राष्ट्रहरूबाट १२, पूर्वी युरोपेली राष्ट्रहरूबाट १५ र पश्चिमी युरोपेली राष्ट्रहरूबाट २५ राष्ट्र रहेका छन् ।

# ३

## मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा २०६३ वैशाखमा प्रतिनिधिसभाका सदस्य र राजनीतिक दलहरूलाई बुझाइएको 'नेपालले तत्काल अनुमोदन गर्न आवश्यक महासन्धिहरूको सूची'

| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| १. | महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको ऐच्छिक आलेख, १९९९ | १८ डिसेम्बर २००१ | • यो इच्छाधीन आलेखले महासन्धिको अनुगमन प्रणालीको विकास गरी महिलाको मानवअधिकारको व्यवहारमा अनुभूति गराउने संयन्त्रको विकास गरेको छ ।<br>• यस आलेखले व्यक्तिगत उजुरी प्रक्रिया र अनुसन्धान प्रक्रियाको विकास गरी महिलाको मानवअधिकार उल्लंघन भएमा राष्ट्रको कानुनी निकायबाट न्याय प्राप्त नभएमा अन्तर्राष्ट्रिय न्यायालयको ढोका खोली दिएको छ । जसले गर्दा राष्ट्रस्तरमा नै महिला महासन्धिद्वारा न्याय दिन | महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिलाई २०४७ को जनआन्दोलनपश्चात् अन्तरिम सरकारले नै अनुमोदन गरी महिलाको मानवअधिकारको संरक्षण र प्रबर्द्धनमा राजनैतिक र कानुनी प्रतिबद्धता देखाई सकेको, हाल उक्त महासन्धिको इच्छाधीन आलेख २००० समेत आइसकेको परिप्रेक्ष्यमा उक्त इच्छाधीन आलेखको अनुमोदनको अपरिहार्य छ । |



| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| | | | उत्प्रेरित गरेको छ । | |
| २. | सशस्त्र संघर्षमा संलग्न बालबालिकाको अधिकार महासन्धिको ऐच्छिक आलेख, २००० | ८ सेप्टेम्बर २००० | • सशस्त्र संघर्षमा बालबालिकाको अधिकार बारेमा व्यवस्थाः राज्यको सशस्त्र सेनामा भर्तिको लागि १८ वर्ष पूरा गर्नु पर्ने<br>• महासन्धिको प्रावधान विपरीतको कार्यका सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न । | नेपालको वर्तमान सशस्त्र संघर्षबाट बालबालिकाको संरक्षण गर्न |
| ३. | यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरूद्धको महासन्धिको ऐच्छिक आलेख, २००२ | हस्ताक्षर गरिएको छैन | • यातना विरूद्धको उपसमितिको व्यवस्था जस्ले सजिलैसँग नियमित र आवधिक रूपमा राज्यका बन्दीगृहहरूको भ्रमण गर्दछन्<br>• राष्ट्रिय स्तरमा पनि अनुगमन संयन्त्रको निमार्ण गर्ने<br>• राज्यलाई सुझाव र सिफारिस दिने | नेपालमा मानवअधिकारवादीलाई बन्दीगृहहरूमा पहुँच नभएका कारणले बन्दी बनाइएका व्यक्तिहरूको स्थिति अज्ञात रहेको छ र गैरन्यायिक बन्दीगृहहरूको प्रयोग भइरहेकोले यस ऐच्छिक आलेखमा ती क्रियाकलापहरूका विरूद्ध चाल्नु पर्ने कदमहरूको व्यवस्था गरिएको छ । |
| ४. | अन्तर्राष्ट्रिय | हस्ताक्षर | • स्थायी निकाय हो | • यो एउटा मञ्च हो जसले सरकारको |

| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| | फौजदारी अदालतको रोम विधान, | गरिएको छैन | ● अन्तर्राष्ट्रिय फौजदारी अदालतले व्यक्तिसँग सम्बन्ध राख्दछ<br>● अपराधको अनुसन्धान गर्ने, कारवाही अगाडि बढाउने र व्यक्तिलाई दण्डित गर्ने हैसियत राख्दछ<br>● राष्ट्रिय अदालत भन्दा पृथक रूपमा अपराधीमाथि अन्तर्राष्ट्रिय न्यायिक क्षेत्राधिकार प्रयोग गरी आफ्नो राष्ट्रमा आफूले गरेका युद्धअपराध मानवता विरूद्धको अपराध, नरसंहार र आक्रमणको अपराधका लागि राष्ट्रिय न्यायिक क्षेत्राधिकारबाट उम्किन सक्ने तानाशाह र अन्य अपराधीहरूलाई दण्डित गर्न सकिने | हिस्सा बनेर वा सरकारसँग सम्बन्धित रहेर वा विद्रोहमा संलग्न समूहको हिस्सा वा सम्बन्धित रहेका व्यक्तिहरूका अपराधको सही निरूपण गर्न<br>● वर्तमान मानवता विरूद्ध हुने गरेको अत्यन्त गम्भीर प्रकृतिका अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाउन<br>● कानुनलाई सम्बन्धित राष्ट्रको कानुनी तथा न्यायिक प्रणालीमा अझ बढी संस्थागत गर्ने कुरामा र मानवअधिकार उल्लंघनको नियन्त्रण गर्नमा सहयोग गर्दछ । |
| ५. | गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्ष सम्बन्धी जेनेभा महासन्धिको अतिरिक्त आलेख, १९७७ | हस्ताक्षर गरिएको छैन | ● सबै सशस्त्र द्वन्द्व र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षणसम्बन्धी थप सन्धिपत्र (पहिलो सन्धिपत्र) र उच्च करारीय पक्षको भूमिमा यसको सैन्यशक्ति र विद्रोही सैन्यशक्ति वा अन्य संगठित सशस्त्र समूहहरू जो जिम्मेवार तैनाथीमा रहन्छन्, निरन्तर एवं बन्दोवस्तपूर्वक सैनिक कारवाहीहरू | नेपालमा हाल चलिरहेको गैर-अन्तर्राष्ट्रिय प्रकृतिको सशस्त्र द्वन्द्व भइरहेको अवस्थामा र कुनै पनि बेला हुन सक्ने यस्तै प्रकृतिको अर्को द्वन्द्वको अवस्थामा लागू हुने वा सक्रिय हुने हु“दा नेपालले हालसम्म यसलाई अनुमोदन गरी |



| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| | | | गर्न उक्त भूमिको कुनै निश्चित भाग नियन्त्रणमा लिन्छन् र यस सन्धिपत्रको कार्यान्वयन गर्छन्, उनीहरूमाथि लागू हुनेछ ।<br>● सबै व्यक्तिहरू जो लडाईमा प्रत्यक्ष रूपमा भाग लिंदैनन् वा जसले भाग लिन छोडेका छन् उनीहरूको स्वतन्त्रतामा बन्देज गरिएको भएता पनि ज्यान, सम्मान र आस्था तथा धार्मिक अभ्यासहरूका हकमा सम्मानयोग्य हुन्छन् र उनीहरूको प्रतिकूल हुने गरी कुनै भेदबिना सबै अवस्थाहरूमा मानवीय व्यवहार गर्नुपर्छ । | नसकेको र अब बन्ने सरकारले यस प्रलेखलाई प्राथमिकताका साथ अनुमोदन गर्नु जरूरी छ । |
| ६. | अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्न, दबाउने र | | ● उक्त उपलेखमा महिला तथा बालबालिकाको बेचबिखन र शोषणमा रोक लगाएको छ ।<br>● महिला तथा बालबालिकाको आत्मसम्मानको रक्षा गरेको छ ।<br>● फौज्दारी न्यायिक प्रक्रियामा पीडितको सहभागिता ग्यारेन्टी गरेको छ ।<br>● पीडितलाई क्षतिपूर्ति र बालबालिकाका आवश्यकतामा विशेष ध्यान दिएको छ ।<br>● उपलेख नेपाली सन्दर्भमा उपयुक्त छ । | मानव बेचबिखन विरूद्धको अभियानमा यो उपलेख ऐतिहासिक उपलब्धीको रूपमा रहेको छ । मानव बेचबिखनमा संलग्न अपराधीहरूको अन्तर्राष्ट्रिय संगठित गिरोह रहेको सन्दर्भमा यसको रोकथामको लागि अन्तर्राष्ट्रिय संयन्त्रलाई संस्थागत गर्ने उद्देश्यले यो उपलेख जारी गरिएको हो । मानव अधिकारप्रतिको नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई अझ उजागर गर्न तथा अन्तर्राष्ट्रिय |

| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| | सजाय गर्ने परिपूरक उपलेख, २००० | | | सञ्जाल सहितको मानव बेचबिखन अपराध निर्मूलमा अन्तर्राष्ट्रिय सभ्य मानव समुदायको काँधमा काँध मिलाउँदै अघि बढ्न उपलेखले प्रदान गरेका लाभहरूबाट नेपाली महिला तथा बालबालिकाहरूलाई लाभान्वित गराउन मानव, विशेष गरी महिला तथा बालिबालिकाको बेचबिखनलाई रोक्न, दबाउन र सजाय गर्न, अन्तर्राष्ट्रिय रूपमा हुने संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय परिपूरक उपलेख २००० उक्त उपलेखको अनुमोदनको अपरिहार्य छ । |
| ७. | सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको | हस्ताक्षर गरिएको छैन | ● आफ्नो देश भन्दा बाहिर रोजगार गर्ने कामदारहरूको अधिकार संरक्षणका लागि ।<br>● आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूले गरेको कामलाई महत्व दिदैं उनीहरूले | नेपालको उत्पादनमूलक उद्योगमा गम्भीर ह्रास आएको तथ्य हामी सामु छ । बेरोजगारी तथा द्वन्द्वबाट आक्रान्त युवा, वयस्क, बालबालिकका तथा महिलाहरू अत्याधिक मात्रामा कामको लागि |



| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| | अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९० | | राष्ट्रको अर्थतन्त्रलाई बलियो बनाउन दिएको योगदानलाई कदर गर्न ।<br>● अन्तर्राष्ट्रिय समुदायमा आप्रवासी कामदारहरूको महत्वलाई महसुस गराउन तथा उनीहरूमाथि हुने विभिन्न यातना, श्रम शोषण र अपमानजनक व्यवहार विरूद्ध उनीहरूको अधिकार सुनिश्चित गर्न । | बाहिरिएका छन् । यस्तो स्थितिमा प्रवासमा रहेर काम गर्दा थुप्रै जोखिमहरू भोगेको बाध्यता पनि हाम्रो सामु छ । जसको निम्न कारणहरू प्रमुख छन् ।<br>● स्थानागमन गर्दा उचित तथा पर्याप्त सूचना प्राप्त नहुनु ।<br>● स्थानागमन गर्नु अगाडि पूर्वप्रस्थान तालिमको उचित व्यवस्था नहुनु ।<br>● श्री ५ को सरकारको वैदेशिक नीति अधिकारमुखी सोच नबन्नु ।<br>● श्री ५ को सरकारले अन्तर्राष्ट्रिय आाप्रवासी कामदारहरू र तिनीहरूको परिवारको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९० लाई हस्ताक्षर नगर्नु ।<br>● यस महासन्धि अनुरूप अन्य राष्ट्रहरूसँग द्विपक्षीय सम्झौता नगर्नु आदी । |
| ८. | मानवविरूद्ध लक्षित | | ● अत्यन्त हानी पुऱ्याउने केही परम्परागत हतियारको | ● मुलुकमा विगत लामोसमयदेखि |

| क्र.सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
| --- | --- | --- | --- | --- |
| | वारूदी सुरूङ्गको प्रयोग, भण्डारन, उत्पादन तथा ओसारपसारमाथि प्रतिबन्ध तथा तिनका विनाशसम्बन्धी महासन्धि १८ सेप्टेम्बर, १९९७ | | प्रयोग माथिको प्रतिबन्ध गर्ने,<br>• मानवविरूद्ध लक्षित वारूदी सुरूङ्गको पूर्ण प्रतिबन्धको आह्वानलाई साथ दिने जनताको विवेकले नैं मानवताको सिद्धान्तको विस्तार हुन्छ भन्ने कुरामा जोड दिने,<br>• वारूदी सुरूङ्गबाट शिकार भएकाहरूको हेरचाह तथा पुनर्वास तथा सामाजिक र आर्थिक पुनःएकीकरण तथा वारूदी सुरूङ्ग सचेतनता कार्यक्रमका लागि सहायता दिने<br>• राज्यपक्षद्वारा भण्डारन गरिएका मानवविरूद्ध लक्षित वारूदी सुरूङ्गको विनाशको लागि सहायता दिने,<br>• संयुक्त राष्ट्रसंघ, क्षेत्रीय संगठन, अन्य राज्य पक्षहरू अथवा अन्य सक्षम सरकारी अथवा गैर सरकारी संस्थालाई आफ्नो अधिकारीहरूले विस्तारपूर्वक वारूदी सुरूङ्ग निष्क्रिय तुल्याउने कार्यक्रमको सहयोग गरी अरू कुराहरूका अतिरिक्त मानवविरूद्ध लक्षित वारूदी सुरूङ्ग समस्याको सीमा र क्षेत्र, कार्यक्रम कार्यान्वयन गर्न आवश्यक | सञ्चालित हिंसात्मक द्वन्द्वका क्रममा विभिन्न खालका घातक बारूदे सुरूङ्गमा परी सयौंको मृत्यु हुनाको साथै हजारौंको संख्यामा अपाङ, घाइते, र आजीवन कही हिँड्न नसक्ने गरी थला परेका छन् । विशेषगरी बालबालिकाहरू यस्ता वस्तुहरूको प्रत्यक्ष शिकार बनेका छन् । द्वन्द्वमा संलग्न नभएका व्यक्ति एवं सर्वसाधारणहरूलाई यस्ता घातक वस्तुबाट जोगाउन ।<br>• आर्थिक विकास, पुनः निर्माणमा अवरोध, चाहेको स्थानमा जान छेकवार तथा आन्तरिक रूपमै उठिबास गरिएकाहरूको बसोबासमा हुने रोकावट र वर्षौंको गोलाबारूदका कारण भएका बिषम परिणामहरूको अन्त्य गर्न । |



| क्र.सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
| --- | --- | --- | --- | --- |
| | | | आर्थिक, प्राविधिक तथा मानव साधन जस्ता कुराहरू निर्धारण गर्न । | • अठोट गरिएको मानवविरूद्ध लक्षित वारूदी सुरूङ्गहरू हटाउने आवश्यकतालाई महसूस गरेर, बिछ्याइएको मानवविरूद्ध लक्षित वारूदी सुरूङ्ग हटाउने चुनौतीको सामना गर्दै र त्यसको विनासको प्रत्याभूति दिंदै सक्षम र समन्वयात्मक तरिकाले योगदान गर्न,<br>• वारूदी सुरूङ्ग (Landmines) बाट घाइते भएकाहरूलाई हेरचाह र पुनर्वासका साथै सामाजिक तथा आर्थिक पुनःएकीकरणका निम्ति बढी भन्दा बढी चाहना राख्न,<br>• मानवविरूद्ध लक्षित वारूदी सुरूङ्ग |

| क्र. सं. | महासन्धि | नेपालले हस्ताक्षर गरेको मिति | महासन्धिको प्रमुख व्यवस्था | महासन्धि अनुमोदन किन ? |
|---|---|---|---|---|
| | | | | माथिको पूर्ण प्रतिबन्ध पनि विश्वास जगाउने महत्वपूर्ण उपाय हो भन्ने कुरामा मान्यता दिन । |

प्रतिनिधि सभा
बैठक
**बैठक संख्या - ४१**
सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६३ साल साउन ९ गते मंगलवार

आजको बैठक प्रतिनिधि सभाका मा० सभामुख श्री सुभाष नेम्वाङ्गको अध्यक्षतामा दिनको ११:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के.पी. शर्मा ओलीले लेवनानमा रहेका कुनैपनि नेपालीहरु हालसम्म हताहत र घाइते नभइ सुरक्षित रहेको सम्बन्धी सार्वजनिक महत्वको विषयमा जानकारी दिनुभयो ।

तत्पश्चात संकल्प प्रस्तावका प्रस्तावक मा० श्री परशुराम मेघी गुरुङ्गले "अन्तराष्ट्रिय फौजदारी अदालत रोम विधान अनुरुप अन्तराष्ट्रिय समुदायद्वारा सिंजना गरिएको स्थायी, स्वतान्त्र, न्यायिक अंग हो । जसले अन्तराष्ट्रिय कानून अन्तरगत मानवता विरुद्धका सबै प्रकारका अपराधमा न्यायिक कारवाही गर्नेछ यस अदालतलाई विश्वमा ६५ भन्दा बढी राष्ट्रहरुले अनुमोदन समेत गरिसकेको छ । नेपालले सबै प्रकारका मानवता विरुद्धको अपराधको विरुद्धमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै आएको छ । सामाजिक न्याय, शान्ति र मानव अधिकारको सम्मान गर्दै आएको छ । नेपाली जनता कुनैपनि प्रकारको अपराधको दण्डहिनताको अन्त्य गर्न चाहन्छ । त्यसैले अपराधी र दोषीले कहिं कतैपनि उन्मुक्ति पाउन नसकोस् भनि न्याय प्राप्तीको प्रक्रियामा अन्तराष्ट्रिय पहुँच समेत प्राप्त गर्नको लागि अन्तराष्ट्रिय फौजदारी अदालत रोम विधानलाई नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने संकल्प गर्दै यो बैठक सो विधान अनुमोदनका लागि नेपाल सरकारलाई निर्देश गर्दछ" भन्ने विषयको संकल्पको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :

१. मा० श्री टेकबहादुर चोखाल
२. मा० श्री हरिभक्त अधिकारी
३. मा० श्री महेन्द्रबहादुर पाण्डे
४. मा० श्री होमनाथ दाहाल
५. मा० श्री हरि आचार्य
६. मा० श्री जगन्नाथ खतिवडा
७. मा० श्री सोमप्रसाद पाण्डेय
८. मा० श्री प्रकाश ज्वाला

त्यसपछि मा० उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के.पी. शर्मा ओलीले उक्त प्रस्तावको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनभयो ।

तत्पश्चात मा० सभामुखले उक्त संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त विनियोजन विधेयक, २०६३ को विभिन्न शीर्षकहरुमाथि प्रारम्भ भएको छलफल अर्न्तगत सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि छलफल प्रारम्भ भयो । उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :

| | | | |
|---|---|---|---|
| १. | मा० श्री राजेन्द्रप्रकाश लोहनी | २. | मा० श्री पूर्णबहादुर खड्का |
| ३. | मा० श्री परी थापा | ४. | मा० श्री गोरखबहादुर बोगटी |
| ५. | मा० श्री गोविन्दविक्रम शाह | ६. | मा० श्री रामकुमार चौधरी |
| ७. | मा० श्री विजय सुब्बा | ८. | मा० श्री पशुपति शमशेर ज.ब.रा. |
| ९. | मा० श्री हृदयराम थानी | १०. | मा० श्री शिवबहादुर देउजा |
| ११. | मा० श्री कमला पन्त (आचार्य) | १२. | मा० श्री सोहनप्रसाद चौधरी |
| १३. | मा० श्री आनन्दप्रसाद पोखरेल | १४. | मा० श्री तारासम यङ्गया |
| १५. | मा० श्री तीर्था गौतम | १६. | मा० श्री दुर्गा लिंखा |
| १७. | मा० श्री यादवबहादुर रायमाझी | | |

तदुपरान्त मा० सभामुखले विनियोजन विधेयक, २०६३ को सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल सामाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६३ साल साउन १० गते बुधबार दिनको ११:०० बजेसम्मको लागि स्थगित भयो ।

सूर्य किरण गुरुङ्ग
महासचिव



# यस विधानका राज्यपक्षहरु

फरक-फरक संस्कृतिका बाहक जनता साझा अत्मिय बन्धनका आधार एकताबद्ध अवस्थामा रहेको तथ्यमा सचेत हुँदै र यस्तो संवेदनशील अनेकताबीचको एकतामा कुनै पनि बखत खलल पर्न सक्ने तथ्यप्रति समेत सरोकार व्यक्त गर्दै,

यो शताब्दीमा लाखौं बालबालिका, महिला र पुरुषहरू अकल्पनीय क्रुरताबाट पीडित भएका र यसले मानवीय चेतनामा गहिरो चोट पुऱ्याएको कुरालाई ध्यानमा राख्दै,

यस्ता गम्भीर अपराधबाट शान्ति, सुरक्षा र सम्मुन्नतिमा चुनौती आएको महसुस गरी, अन्तर्राष्ट्रिय समुदायको चासो रहेका गम्भीर अपराधहरू दण्डहीन हुँदै जानु हुँदैन र अपराधीहरूमाथि मुद्दा चलाउन राष्ट्रिय तहमा मापदण्डहरू सुनिश्चित गर्नु पर्दछ र यसका लागि अन्तर्राष्ट्रिय सहयोग बलियो बनाउनु पर्दछ भन्ने कुरामा विश्वस्त हुँदै,

यस्ता अपराधका लागि दोषीहरूको दण्डमुक्तिलाई समाप्त गर्नुपर्दछ र यस्ता अपराध रोकथाम गर्न योगदान गर्नु पर्दछ भन्ने कुरामा प्रतिबद्ध हुँदै,

अन्तर्राष्ट्रिय अपराधका जिम्मेवारहरूमाथि फौजदारी न्याय दिने अभ्यास गर्नु हरेक राज्यको कर्तव्य हो भन्ने कुराको स्मरण गराउँदै,

संयुक्त राष्ट्रसंघको घोषणापत्रका नीति र सिद्धान्तप्रति र खासगरी कुनै राज्यको राजनीतिक स्वतन्त्रता वा भूभागको अविच्छिन्नता विरुद्ध शक्तिको प्रयोग वा चुनौति वा राष्ट्रसंघको उद्देश्य विपरित हुने अन्य कुनै कामका विरुद्ध सबै राज्यको विश्वास दोहोऱ्याउँदै,

यस सन्दर्भमा यो बडापत्रमा उल्लेख भएको अवस्थामा बाहेक कुनै राज्यको सशस्त्र द्वन्द्वको आन्तरिक मामिलामा कुनै राज्य पक्षले हस्तक्षेप गर्न नपाउने कुरामा जोड दिँदै,

यी अवस्थामा आइपुग्न र वर्तमान र भावी सन्ततिको भविष्यका लागि, राष्ट्र संघीय प्रणालीमा आबद्ध रही, समग्रतामा अन्तर्राष्ट्रिय समुदायले चासो देखाएका सबै गम्भीर अपराधमा न्याय दिलाउन एक स्वतन्त्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको सथापनाप्रति प्रतिबद्ध हुँदै,

यो वडापत्रअन्तर्गत स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालत न्याय प्रणालीका लागि सहयोगी हुने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय न्यायको कार्यान्वयनका लागि अन्तिम सुनिश्चितता प्रदान गर्दै,

देहायका विषयमा सहमत भएका छौं।

*(अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम बडापत्र संयुक्त राष्ट्रसंघका महामहिम राजदूतहरूको सम्मेलनबाट पारित गरी १७ जुलाई १९९८ का दिन अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गरिएको छ।)*